# निजी सामुदायिक साझेदारीमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०

प्रस्तावनाः गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (वन तथा वातावरण तर्फ) मातहतका वन निर्देशनालय र डिभिजन वन कार्यालयहरूको स्वीकृत वार्षिक कार्यक्रम व्यवस्थित तथा पारदर्शी बनाई प्रभावकारी कार्यान्वयन र एकरुपता कायम गर्न आवश्यक भएकोले,

गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले देहायको मापदण्ड बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम "निजी सामुदायिक साझेदारीमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका जिल्ला स्थित डिभिजन वन कार्यालयलाई सम्झनुपर्छ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको वन निर्देशनालय सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

३. कार्यक्रम सञ्चालन तथा कार्य सम्पादन मार्गदर्शनः यस मन्त्रालय र मातहतका निकायहरूमा विनियोजित वार्षिक विकास कार्यक्रम तथा बजेटको कार्यान्वयन सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९, गण्डकी प्रदेश बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७, प्रदेश खर्चको मापदण्ड, २०७९ र अन्य प्रचलित कानून बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गरिनेछ।

४. निजी सामुदायिक साझेदारीमा जडीबुटी प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नतिः (१) प्रदेश भित्र पाइने महत्वपूर्ण जडीवुटीहरुको प्रशोधन तथा मूल्य अभिविद्धी गरि स्थानिय आय र रोजगारी वृद्धि गर्दै प्रदेशको समुन्नतिमा योगदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि निम्न मध्येका क्रियाकलाप समेट्नु पर्नेछः

(क) जडीबुटी सङ्कलन तथा प्रशोधनका लागि आवश्यक सेड हाउस (Shade House) निर्माण, ड्रायर खरिद तथा स्थापना, प्रशोधनका लागि आवश्यक पर्ने मेसिन र उपकरणहरूको खरिद र अन्य आवश्यक पूर्वाधार निर्माण गर्ने।

(ख) प्रदेशको जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी सम्भाव्यता अध्ययन वा जिल्लास्तरीय जडीबुटी फोकल टिमले सिफारिस गरेका प्रजाति र यस प्रदेशमा

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

पाइने र खेती गरिने जडीबुटीहरू जस्तै टिमुर, सतुवा, सुगन्धवाल, तेजपात, चिराइतो आदि र सुगन्धित वनस्पति जस्तै मेन्था, लेमनग्रास आदि वनस्पतिहरू भण्डारण र प्रशोधन गर्न यो कार्यक्रमबाट खर्च गर्न सकिनेछ।

(ग) सार्वजनिक वा निजी जग्गा वा कम्तीमा दश वर्षका लागि लिजमा लिइएको जग्गामा यो कार्यक्रम सञ्चालनका लागि भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गर्न सकिनेछ।

५. <u>निजी सामुदायिक साझेदारीमा नरम प्रजातिका काठ प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नतिः</u> (१) नरम काठको गुणस्तर र टिकाउपनमा वृद्धि ल्याई बजारमा क्रमशः गुणस्तरीय काठ तथा काठजन्य उत्पादन उपलब्ध गराउने र थप रोजगारी सृजना गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमको कार्यान्वयनका लागि निम्न मध्येका क्रियाकलाप समेट्नु पर्नेछः

(क) नरम प्रजातिका काठको गुणस्तर वृद्धि गर्न काठ सिजनिङ्ग, ट्रिटमेन्ट प्लान्ट स्थापना तथा सञ्चालन, पार्टीकल वोर्ड, फाइवर वोर्ड, चिप वोर्ड निर्माण र कम्पोजिट वुड (Composite wood) उत्पादन वा अन्य यस्तै प्रकारका उद्योग विकास गर्ने।

(ख) उल्लेखित उद्योगमा प्रयोग हुने मेसिनरी र उपकरण खरिद गर्ने।

६. <u>कार्यक्रम प्रस्ताव माग गर्नु पर्नेः</u> (१) कार्यालयले दफा ४ र ५ मा उल्लेखित कार्यक्रम सञ्चालनका लागि राष्ट्रियस्तरको पत्रिकामा प्रचलित कानुन बमोजिमको अवधि राखी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सो सूचना पकेट क्षेत्र, धेरै जनसम्पर्क हुने जिल्लास्थित कार्यालयहरू, निर्देशनालय तथा मन्त्रालयमा समेत टाँस गर्नुपर्नेछ।

(२) दफा ४ बमोजिमको कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको जडीबुटी वा गैरकाष्ठ वन पैदावार व्यवसायमा संलग्न उद्यमीले एकल वा वन समुह वा किसान समूह वा सहकारीसँग मिलेर संयूक्तरुपमा उपदफा (१) मा प्रकाशित सूचना बमोजिम कम्तीमा दश वर्षसम्मको व्यवसायिक योजना, उद्योग स्थापना गर्ने जग्गा भएको स्थान, जग्गाको पूर्ण विवरण र चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) दफा ५ बमोजिमको कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको काष्ठ वन पैदावार व्यवसायमा संलग्न उद्यमीले एकल वा वन समुह वा सहकारीसँग मिलेर संयूक्तरुपमा उपदफा (१) मा प्रकाशित सूचना बमोजिम कम्तीमा दश वर्षसम्मको व्यवसायिक योजना, उद्योग स्थापना गर्ने जग्गा भएको स्थान, जग्गाको पूर्ण विवरण र चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले उद्योग नवीकरण प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रका प्रतिलिपिहरू पेश गर्नु पर्नेछ।

माननीय दिपेन्द्र बहादुर थापा
मन्त्री

(५) उपदफा (२) र (३) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले आफूले लगानी गर्ने साझेदारीको हिस्सा कूल लागानीमा कम्तीमा तीस प्रतिशतमा नघट्ने गरी पेश गर्नु पर्नेछ।

तर उपदफा (२) बमोजिम जडीबुटी वा गैरकाष्ठ वन पैदावार व्यवसायमा संलग्न उद्यमीसँग वा उपदफा (३) बमोजिम काष्ठ वन पैदावार व्यवसायमा संलग्न उद्यमीसँग मात्र निजी साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा उद्यमीले कम्तीमा  चालिस प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ।

७. **प्रस्तावको मूल्याङ्कनः** (१) दफा ६ बमोजिम प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्याङ्कनका लागि डिभिजनल वन अधिकृतले निम्न बमोजिमका पदाधिकारी रहने गरी मूल्याङ्कन समिति गठन गर्नु पर्नेछः

(क) डिभिजनल वन अधिकृतले तोकेको आठौं तहको वन अधिकृत -संयोजक

(ख) निर्देशनालयले तोकेको वन अधिकृत -सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक/ जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) कार्यालयको कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले प्रचलित कानुन बमोजिम प्रस्तावहरूको मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गरेर स्वीकृतिका लागि डिभिजनल वन अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्राप्त प्रस्तावहरूको प्राविधिक मूल्याङ्कन गर्दा अनुसूची-१ बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ। यसरी मूल्याङ्कन गर्दा समितिले आवश्यक ठानेमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भएको प्रस्तावकसँग कार्यालयले कार्यक्रम सञ्चालनका लागि कार्यक्रम सञ्चालनका शर्तहरू उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका शर्तका आधारमा कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

८. **खर्च गर्न सकिनेः** दफा ४ वा ५ बमोजिमको कार्यक्रमका लागि छुट्याइएको बजेटबाट गण्डकी प्रदेश बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ र प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम कन्टिन्जेन्सी छुट्याइ अनुगमन, समन्वय, मूल्याङ्कन समितिको बैठक, कार्यालयको व्यवस्थापकीय कार्य लगायतका क्रियाकलापहरूमा खर्च गर्न सकिनेछ।

९. **आयोजना सूचना पाटी राखु पर्नेः** दफा ७ बमोजिम छनौट भएको उद्यमीले सम्झौता बमोजिमको काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम सुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनास्थलमा आयोजना सूचना पाटी राखु पर्नेछ।

माननीय दिपेन्द्र बहादुर थापा
मन्त्री

१०. कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेः (१) दफा ७ बमोजिम छनौट भएको उद्यमीले निर्माण कार्य सम्पन्न गरिसकेपछि त्यस कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजातसहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा आयोजना निर्माण स्थलको निर्माण कार्य शुरु हुन पूर्व, निर्माण चरण र निर्माण सम्पन्न भएपश्चातका फोटोहरू समावेश गर्नु पर्नेछ।

(३) दफा ७ बमोजिम छनोट भएको उद्यमीले वन समुह वा किसान समूह वा सहकारीसँग मिलेर संयूक्तरुपमा कार्यक्रम सञ्चालन गरेको भए सम्बन्धित वन समूह वा किसान समूह वा सहकारीबाट समेत उपदफा (१) बमोजिमको कार्यसम्पन्न प्रतिवेदन अनुमोदन गराउनु पर्नेछ।

११. भुक्तानीः (१) दफा ७ बमोजिम छनौट भएको उद्यमीले निर्माण कार्य सम्पन्न गरिसकेपछि कार्यालयले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराइ दफा १० बमोजिमको कार्य सम्पन्न प्रतिवेदन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातका आधारमा उद्यमीलाई सम्झौतामा भएको व्यवस्था अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात प्रचलित कानून बमोजिम भुक्तानी दिनु पर्नेछ।

१२. उद्योग सञ्चालन अवधिः (१) दफा ११ बमोजिम निर्माण सम्पन्न गरी भुक्तानी पाएको मितिले ६ महिना भित्र सम्बन्धित उद्यमीले उद्योग सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित उद्योग कम्तिमा दश वर्षसम्म सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उद्योग सञ्चालन नगरेमा सम्बन्धित उद्यमीले कार्यालयबाट भुक्तानी लिएको सम्पूर्ण रकम फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित उद्यमीले रकम फिर्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१३. लेखा परीक्षण गर्नु पर्नेः (१) दफा १२ को उपदफा (१) बमोजिम स्थापित उद्योगले आफ्नो कारोबारको वार्षिक रुपमा दर्तावाला (रजिष्टर्ड) लेखा परीक्षकबाट लेखा परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखा परीक्षण प्रतिवेदन सम्बन्धित उद्यमीले कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

१४. लगानी थप गर्न सकिनेः (१) दफा १२ को उपदफा (१) बमोजिम स्थापित उद्योगको सञ्चालन तथा स्तरोन्नति गर्दा उद्योगबाट व्यवसायिक उत्पादन र रोजगारीमा अभिवृद्धि हुने देखिएमा मन्त्रालयले त्यस्तो उद्योगमा प्रचलित कानून बमोजिम शेयरको रुपमा थप लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगानी थप भएमा सम्बन्धित उद्योगले आर्जन गरेको मुनाफा प्रचलित कानून बमोजिम शेयर लगानीकर्ताहरू वीच बाँडफाड हुनेछ।

१५. बाधा अड्काउ फुकाउन सक्नेः यस मापदण्डको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

मानननीय दिपेन्द्र बहादुर थापा
मन्त्री

अनुसूची-१

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

<u>प्रस्ताव मूल्याङ्कनका आधार</u>

| क.स. | मूल्याङ्कनका आधारहरू | अंकभार | प्राप्त अंक |
|---|---|---|---|
| १ | कार्यक्रमको आवश्यकता र औचित्य (२०) | | |
| | १.१ | प्रदेशको जडीबुटी/गैरकाष्ठ वन पैदावार सम्बन्धी सम्भाव्यता अध्ययनले सिफारिस गरेका वा जिल्लास्तरीय जडीबुटी फोकल टिमले सिफारिस गरेका प्रजाति (५)<br>(सिफारिस गरेका- ५, नगरेको-३ | |
| | १.२ | कच्चा पदार्थको उपलव्धता (५)<br>(उच्च-५, मध्यम-३, न्यून-१) | |
| | १.३ | उत्पादित वस्तुको वजारको पहुंच तथा उपलव्धता (५)<br>(उच्च-५, मध्यम-३, न्यून-१) | |
| | १.४ | वातावरणीय दृष्टिले अनुकुल (५)<br>(उच्च-५, मध्यम-३, न्यून-१) | |
| २ | लागत साझेदारीको प्रतिशत (१०)<br>समुहको हकमा<br>(३० देखि ५० प्रतिशत -८, ५० प्रतिशत भन्दा बढी -१०)<br>निजीको हकमा<br>(४० देखि ५० प्रतिशत -८, ५० प्रतिशत भन्दा बढी -१०) | | |
| ३ | उद्योग स्थापना गर्ने जग्गाको स्वामित्व (१०)<br>निजीका हकमा<br>(जग्गाको स्वामित्व भएको -१०, लिजमा जग्गा भएको -८ अन्य- ५)<br>समुहका हकमा<br>समुह वा संघसंस्थाको स्वामित्वमा भएको वा भोगाधिकार भएको- १० | | |
| ४ | प्रत्यक्ष रोजगारी दिने (१०)<br>(पाँच जना सम्मलाई रोजगारी दिने -५, पाँच देखि दश जना सम्मलाई रोजगारी दिने –८, दश जना भन्दा बढीलाई रोजगारी दिने –१०) | | |

माननीय दिपेन्द्र बहादुर थापा
मन्त्री

अनुसूची-२

(दफा ९ सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

...............निर्देशनालय/कार्यालय

..........., गण्डकी प्रदेश ।

## आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नाम:

२. आयोजना सञ्चालन गर्ने कार्यालयको नाम:

३. उद्योग सञ्चालकको नाम र सम्पर्क नं. :

४. आयोजनाको कुल लागत रकम रु. :

क. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रकम रु.

ख. उद्योगले व्यहोर्ने लागत रकम रु.

५. आयोजना सम्झौता मिति:

६. आयोजना सम्पन्न गर्ने मिति:

७. आयोजनाका प्रमुख कार्यहरु वा प्रमुख संरचनाको परिमाण वा संख्या:

गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पोखरा, नेपाल

माननीय दिपेन्द्र बहादुर थापा
मन्त्री